AUSCO

# अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# यातायात

## सार्वजनिक यातायात

सार्वजनिक यातायात शहरका विभिन्न ठाउँहरूमा घुम्नका लागि सबभन्दा सस्तो साधन हो। अष्ट्रेलियामा एकबाट अर्को समुदायमा आवतजावतका लागि प्रयोग हुने सार्वजनिक यातायातका साधनहरू विभिन्न प्रकारका छन्। शहरहरूमा निम्न साधन हुन्छन्-:

- ट्रामहरू।
- बसहरू।
- डुँगा वा फेरीहरू।
- रेलहरू।

सार्वजनिक यातायातमा यात्रा गर्दा तपाईंसित **टिकट** हुनुपर्छ। कहिलेकाहीँ तपाईंले आफ्नो यात्राको लागि टिकट किन्न पर्नसक्छ भने कुनै कुनै शहरमा **ट्राभल कार्डहरू** हुन्छन्। ट्राभल कार्डहरूले ती कार्डहरूमा पैसा हाल्ने सुविधा दिन्छ र सार्वजनिक यातायातमा चढ्दा वा ओर्लँदा तपाईंले आफ्ना कार्डहरूलाई स्वाइप गर्ने वा मेशिनमा छुने गर्नुपर्छ।

### टिकटका प्रकारहरू

**एकतर्फी:** एकतर्फी टिकट निश्चित समयभित्रमा अर्को सवारी साधनमा समेत काम लाग्ने हुन्छ।

**दुईतर्फी:** दुईतर्फी टिकट तपाईंको गन्तव्यसम्म यात्रा गर्न र पछि घर फर्कनसमेत काम लाग्ने हुन्छ।

**दैनिक:** जारी भएको दिनमा निर्धारित अन्तिम सेवासम्म तोकिएको क्षेत्रभित्र असीमित यात्रा गर्न अनुमति दिन्छ।

**दैनिक अफ-पिक:** अधिकांश राज्यहरू र प्रदेशहरूले विहान ९ बजेदेखि अपरान्ह ३ बजेसम्म र अपरान्ह ७ बजेदेखि उता सोमवारदेखि शुक्रबारसम्म र सप्ताहन्तमा सबै दिन र सार्वजनिक विदाको दिनको यात्रामा तोकिएको क्षेत्रका लागि खरिद गरिएको टिकटमा असीमित छुट प्रदान गर्छन्।

**साप्ताहिक:** एक साताको लागि टिकट खरिद गरिएको क्षेत्र भित्र असिमित यात्रा अनुमति (सातदिन लगातार) किनेको मितिबाट यात्रा गर्न पाइने।

**३, ६ र १२ महिनाको पास:** निश्चित यातायात सेवाहरूका लागि दिर्घकालिन पासहरू उपलब्ध हुनसक्छन्। प्रायः गरेर मूल्यमा छूट दिइएको हुन्छ र त्यसले यातायातमा रकम बचत गर्न तपाईंलाई मद्दत गर्छ।

## निजी यातायात

### कार किन्ने र चलाउने

सार्वजनिक यातायातका साधन उपलब्ध नभएको वा सहज नभएको क्षेत्रमा सकेसम्म छिटो तपाईंले आफ्नै कार किन्न खोज्नुहुनेछ। कारको स्वामित्व ग्रहण गर्न सजिलो छ तर यो महङ्गो पनि पर्छ। कारको स्वामित्व ग्रहण गर्दा र चलाउदा अष्ट्रेलियामा धेरै जिम्मेवारीहरू वहन गर्नुपर्ने हुन्छ।

अष्ट्रेलियामा सवारी साधन चलाउँदा तपाईंसित अष्ट्रेलियन सवारीचालक अनुमतिपत्र हुनु जरूरी छ, गाडी राज्य वा प्रदेश सरकारमा दर्ता भएको हुनुपर्छ र त्यसको विमा गरिएको हुनुपर्छ।








## सवारी साधन अनुमतिपत्र पाउने तरिका

यदि तपाईँको आफ्नै देशबाट ल्याएको सवारीचालक अनुमतिपत्र छ भने पनि **तपाईँले अष्ट्रेलियन लाइसेन्सको लागि आवेदन** गर्नुपर्ने हुन्छ। त्यसो गर्न तपाईँले सडकका नियमहरूको परिक्षा पुरा गर्नु आवश्यक हुन्छ। तपाईँले थप ड्राइभिङ् तालिम लिनुपर्ने हुनसक्छ। थप जानकारीको लागि तपाईँले आफू बसेको राज्य वा प्रदेशको सडक मामिला हेर्ने निकायमा सम्पर्क गर्नु पर्छ। तपाईँको केस वर्कर वा प्रस्तावकसित आवश्यक सहयोगको लागि अनुरोध गर्नुहोस्।

तपाईँले आफ्नो देशबाट ल्याउनु भएको सवारीचालक अनुमतिपत्रको अङ्ग्रेजी भाषामा अनुवाद गर्नु पर्छ। यो तपाईँले www.translating.dss.gov.au मा अनलाईन बुझाएर तपाईँले निःशुल्क रूपमा गर्न सक्नु हुन्छ।

## मैले कसरी अष्ट्रेलियन सवारीचालक अनुमतिपत्र लिने?

अष्ट्रेलियन सवारीचालक अनुमतिपत्र राज्य र प्रदेशको तह र नियमनहरूबाट प्रशासित हुन्छ जसमा हरेक राज्यको फरक फरक नीति नियमहरू हुन्छन्।

तपाईँको बसोबासको व्यवस्था मिलिसकेपछि र सवारीसाधन चलाउन सिक्न तयार हुनुभएपछि तपाईँको केसवर्कर वा प्रस्तावकसित सम्पर्क गर्नुहोस्। साधारणतया तपाईँले सिकारू अनुमतिपत्र लिएर सवारी चलाउन थाल्नुहुनेछ र पछि अस्थायी अनुमतिपत्र लिएर सवारी हाँक्नुहुनेछ। अन्त्यमा तपाईँले अष्ट्रेलियाको पूर्ण सवारीचालक अनुमतिपत्र लिनुहुनेछ। लाइसेन्सको अलग अलग समूहमा भिन्दा भिन्दै नियम तथा प्रतिबन्धहरू (उदाहरणका लागि मदिराको तह) लागू हुनेछन्।

## तपाईँको सवारी दर्ता गर्ने तरिका

तपाईँले सडकमा सवारीसाधन चलाउनुअघि उक्त गाडीलाई दर्ता गरेकै हुनुपर्छ, र हरेक वर्ष तपाईँले दर्ता नवीकरण गरेकै हुनुपर्छ। दर्ता नभएका कारहरू चलाउनु गैरकानूनी काम हो र अधिकांश प्रहरी कारहरूमा स्क्यान गर्ने प्रविधि जडान गरिएको हुन्छ जसले सडकमा चलेका अन्य कारहरू दर्ता भए नभएको जाँच गर्न सक्छ।

## सवारी साधनको विमा

Compulsory Third Party (CTP) अनिवार्य तेस्रो पक्ष विमा भनेको व्यक्तिगत चोटपटक विमा हो जुन अष्ट्रेलियामा दर्ता भएका हरेक सवारी साधनहरूले अनिवार्य रूपमा लिएको हुनुपर्छ। अन्य खालका विमाले दुर्घटना हुँदा पुगेको क्षति भुक्तानी गर्न मद्दत गर्छन्।

## सवारी साधन चलाउँदा याद गर्नुपर्ने महत्वपूर्ण कुराहरू:

- सधैँ सिटबेल्ट लगाउनुहोस् (यो सवारीचालक **र** यात्रीहरूमा लागू हुन्छ)। यसो गर्न कानूनले भनेको छ र यदि तपाईँले उलङ्घन गरेमा दण्ड जरिवानाको व्यवस्था छ।
- केटाकेटीहरू पछाडिको सिटमा बस्नुपर्छ, सिटबेल्ट लगाउनु पर्छ र उनीहरूको उमेरअनुसार उपयुक्त खालको कारसिटमा बस्नुपर्छ।
- दर्ता नभएको सवारीसाधन सडकमा कहिल्यै नचलाउनुहोस्।
- **उपयुक्त लाइसेन्सबिना कहिल्यै पनि सवारी साधन नचलाउनुहोस्।**
- तपाईँ आफ्नो लाइसेन्स सधैँ साथमा राख्नुहोस्।
- यदि तपाईँलाई पुलिस अफिसरले रोकेमा उनीहरूको प्रश्नको उत्तर इमान्दारीपूर्वक दिनुहोस्।
- सडकका सबै नियमहरू र चिन्हहरूको पालना गर्नुहोस्। खासगरेर घुम्ती वा राउण्डअबाउटहरूमा सवारी चलाउँदा सावधान हुनुहोस।
- यदि तपाईँले मदिरा वा लागूऔषध सेवन गरेको भए सवारीसाधन कदापि नहाँक्नुहोस्। यसो गर्नु अपराध हुन्छ र यसबापत गम्भिर दण्ड जरिवानाको व्यवस्था छ।
- सवारी साधन हाँकेको बेला हाते मोबाइलको प्रयोग गर्नु गैरकानूनी काम हो। यसमा फोन गर्नु वा अरूले गरेको फोन कल उठाउनु, टेक्स्ट गर्नु, गेमहरू खेल्नु, फोटो वा भिडियो खिच्नु वा वेभसाइट ब्राउज गर्नु लगायतका कृयाकलापहरू पर्दछन्। यदि तपाईँले कानूनको उलङ्घन गर्नु भएमा दण्ड जरीवानामा परिन्छ।



*संशोधित संस्करण (एप्रिल 2018)*

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM